मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, २०७३

१३१ औं बैठक

आज मिति २०८१।०७।०४ गते अपराह्न २:०० बजे मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजीमको उपस्थितिमा निम्न बमोजीमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरिए ।

तपसिल :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वती बोहोरा (विष्ट) | नगर उपप्रमुख | [signature] |
| ३ | श्री शरद सिंह नेगी | वडा अध्यक्ष वार्ड नं. १ | |
| ४ | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. २ | [signature] |
| ५ | श्री गगन सिंह भाट | वडा अध्यक्ष वार्ड नं. ३ | [signature] |
| ६ | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष वार्ड नं. ४ | [signature] |
| ७ | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष वार्ड नं. ५ | [signature] |
| ८ | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. ६ | [signature] |
| ९ | श्री रामचन्द्र भट्ट | वडा अध्यक्ष वार्ड नं. ७ | [signature] |
| १० | श्री तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष वार्ड नं. ८ | |
| ११ | श्री लोक राज भट्ट | वडा अध्यक्ष वार्ड नं. ९ | [signature] |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री नारायण बहादुर चन्द | सदस्य सचिव | [signature] |

**प्रस्तावहरु :**

प्रस्ताव नं. १. प्राविधिक सहायक पदपुर्ति सम्बन्धमा ।

प्रस्ताव नं. २. श्रेणिविहिन कर्मचारी पदपुर्ति सम्बन्धमा ।

प्रस्ताव नं. ३. डि.पि.आर. सम्बन्धमा ।

प्रस्ताव नं. ४. विद्यालयको जिर्ण भवन सम्बन्धमा ।

प्रस्ताव नं. ५. आँखा अस्पतालको आन्तरीक आय सम्बन्धमा ।

प्रस्ताव नं. ६. निर्णय अनुमोदन सम्बन्धमा ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## निर्णयहरु:

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पदमा कार्यरत श्री महेश भट्ट लुम्बिनि प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई यस कार्यालयबाट राजिनामा स्वीकृत गराई गइसकेकाले रिक्त हुन गएको प्राविधिक सहायक माग पद संख्या १ सेवा करारमा पदपुर्ति गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका अन्तर्गत रिक्त रहेका श्रेणिविहिन पद पुर्तिका लागि श्रेणिविहिन जनशक्ति सेवा करारमा पदपुर्ति गर्ने कार्यविधि बनाई सोहीअनुसार पदपुर्ति प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्विकृत बजेट तथा कार्यक्रमको क्र.सं २ आवश्यकतामा आधारित परामर्श सेवा खरीद खर्च शिर्षक २२४११ बाट तपसिलबमोजिमका योजनाहरुको प्राथमिकताक्रम अनुसार डि.पि.आर. गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिलः

१. ग्वाल्लेक केदारधाम
२. सलेना नैत्रेश्वर सडक
३. सेलाटिक लिफ्टीङ खानेपानी
४. मेलघट कोल्तडी सुर्नया करिडोर
५. शिवालय धाम, मेनपा ७, काँडा
६. गंगेश्वर मन्दिर, मेनपा ८
७. महारुद्र धाम, मे.न.पा. ५

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ४ मा रहेको श्री विजयपुर मा.वि.को पुर्वपट्टी रहेको २ कोठे भवनको जिर्ण १ कोठा र पुर्ण रुपमा जिर्ण रहेको ३ कोठे सामुदायिक भवनको प्राविधिक मुल्याङ्कन गरी भत्काउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको मेलौली आँखा अस्पतालबाट संकलन हुने आन्तरीक आय रकम समेत मेलौली नगरपालिकाको आन्तरीक राजस्व खातामा दाखिला गराई व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८१।०६।१० गतेको बैठकले गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner